धुर्कोट गाउँपालिका
गुल्मी जिल्ला,प्रदेश नं. ५, नेपाल

# धुर्कोट राजपत्र

वर्ष : २ अंक : १८

## भाग : १

गाउँ कार्यपालिकाबाट मिति २०७५/०३/०५ मा स्वीकृत भएको धुर्कोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन–२०७५ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

# धुर्कोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन–२०७५

आज्ञाले
लोकहरि थापा
प्रमुख प्रशासकीय अधिकृत

| ऐन संख्या :- | ९ |
|---|---|

# धुर्कोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन–२०७५

| गाउँसभाबाट स्वीकृत मिति :- | २०७५/०३/०५ |
|---|---|

# धुर्कोट गाउँपालिका

**बर्बोट, गुल्मी**
**५ नं. प्रदेश**
**नेपाल**

**धुर्कोट गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**गुल्मी**

**५ नं. प्रदेश, नेपाल**

## धुर्कोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन-२०७५

## प्रस्तावना :

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम धुर्कोट गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

## १. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यो ऐनको नाम **'धुर्कोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५'** रहेको छ ।

(२) यो ऐन धुर्कोट गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

## २. परिभाषा :

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले **'धुर्कोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५'** सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले धुर्कोट गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) **"गाउँपालिका"**भन्नाले धुर्कोट गाउँपालिका सम्झनुपर्छ ।

(घ) **"सभा"** भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(च) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

### ३. नियम बनाउने अधिकार :

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त धुर्कोट गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

## ४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने :

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही धुर्कोट गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

ooo